# नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड
## टेकु, काठमाण्डौ

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
टेकु काठमाडौं
२०७४

पत्र संख्या :
च. न.:

मिति : २०७७।०२।०८

**<u>जो जससँग सम्बन्ध राख्दछ</u> ।**

विश्वव्यापी रुपमा फैलिएको COVID -19 को महामारीबाट नेपालका सबै क्षेत्र प्रभावित भईरहेको र बन्दाबन्दी (Lock-Down को अवस्थाबाट विभिन्न सेवाप्रदायक स्वास्थ्य संस्थाहरुमा समेत प्रभाव परिरहेको अवस्था जगजाहेर नै छ । यसबाट बीमित सदस्यहरुलाइ पुर्याउने सेवामा समेत असर परेको छ । यस विषम परिस्थितिमा समेत सेवा प्रदायक स्वास्थ्य संस्थाहरु, स्वास्थ्य बीमा बोर्डका प्रदेश, जिल्ला कार्यालय र स्थानीय तहका वडा वडामा खटिएका कर्मचारीहरुबाट भए गरेका कार्यहरु प्रशंसनीय छन् । महामारीका कारण सिर्जित राष्ट्रिय विपतको यस समयमा सजगता र गम्भीरतापूर्वक अत्यावश्यक सेवा संचालन लगायतका कार्यहरु अझ प्रभावकारी ढंगबाट अगाडी बढ्नेमा पूर्ण विश्वस्त रहेको छु । यस बोर्डबाट मिति २०७६।१२।७ मा गरिएको सूचना एवं पत्राचार अनुसार Lock-Down को यो विशेष परिस्थितिमा बीमितहरुलाई कुनैपनि सूचीकृत स्वास्थ्य संस्थाहरुबाट सेवा प्राप्त गर्न आउने दीर्घ र गम्भीर प्रकृतिका रोग भएका बीमित सदस्यहरुलाई Lock-Down अवधी भर ओपिडी सेवा वन्द भएको हकमा ईमरन्जेन्सीवाट भएपनि सेवा सूचारु रुपले संचालन गर्न अनुरोध गरिएकोमा त्यस कार्यले निरन्तरता पाईरहने अपेक्षा समेत गरेको छु । COVID -19 बाट प्रभावित व्यक्ति तथा परिवार र विभिन्न क्षेत्र/पक्षहरुबाट COVID -19 को परीक्षण र औषधोपचार लगायत थप सेवा तथा सुविधाहरुको बारेमा केहि सूचिकृत सेवा प्रदायक संस्थाहरु र हाम्रो केन्द्रिय, प्रदेश र जिल्ला स्थित कार्यालयबाट निरन्तर जिज्ञासा आईरहेको सन्दर्भमा यस विषयमा देहाय बमोजिम थप प्रकाश पारिएको छ :

“सामान्यतया बीमितलाई उपलब्ध हुने सुबिधा र बोर्डमा सूचिकृत स्वास्थ्य संस्थाहरुलाई गरिने सेवाको भुक्तानी सम्बन्धमा स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य बीमा नियमावली, २०७५ र सुविधा थैली (Benefit Package) उल्लेखित दररेट तथा विवरण, २०७४ तथा सेवा प्रदायक स्वास्थ्य संस्थाहरुसँग भएको सूचीकृत करार सम्झौतामा उल्लेख भए अनुसार मात्र हुने । तर कुनै कोरोनाको समस्या प्रमाणित भैसकेको बीमितको हकमा भने बोर्डमा सूचिकृत स्वास्थ्य संस्थाहरुमा भर्ना भई उपचार गर्दा लागेको खर्च नेपाल सरकारबाट नव्यहोरिएको भएमा मात्र प्रचलित नियम र सुविधाको थैलीमा उल्लेखित दररेट र सीमा बमोजिम भुक्तानी गर्न सकिने” ।

.............
**रमेश कुमार पोखरेल**
**कार्यकारी निर्देशक**